ニフジェー **Nifj Press Release** プレスリリース
Newa International Forum Japan
Founded in August 2003 [N.E.1123]
Monday 7th May 2007, Tokyo

# तोःक्योःमा बुद्ध जयन्ती र विश्व शान्ति कामना कार्यक्रम

**लुम्बिनी वज्राचार्य**
**तोःक्योः मे, ४**

बुद्ध जयन्तीको उपलक्षमा, टोक्यो,निसि सिन्जुकुको जोएन्जि बुद्ध विहारमा विश्वशान्ति कामनाका साथ बुद्धको जयन्ती तथा वैसाख महोत्सव मनाइएको छ। नेवाः अन्तर्राष्ट्रीय फोरम जपानको संयोजकत्वमा र निप्पोन थेरवाद बौद्ध संघको सहायतामा हिजो दिनभर





आयोजित उक्त महोत्सवमा बिहान देखी बुद्धपूजा, भिक्षु गुरुहरु बाट सूत्र पाठ र उहाँहरु प्रति दान, दक्षिणा प्रदान बाट प्रारम्भ भएको थियो ।

विश्व शान्तिको प्रार्थना गरिएको बौद्ध सार्वजनिक सभाको उदघाटन दिउँसो ठिक १२ बजे जापानका लागि कार्यवाहक राजदूत पारस घिमिरे र जपान-नेपाल सोसाइटीका अध्यक्ष चूइचि इतो ले बुद्ध प्रतिमा समक्ष पानसमा बत्ती बालेर गर्नु भएको थियो। कार्यक्रममा निप्पोन थेरवाद बौद्ध संघका सल्लाहकार फुजिकावा भन्तेले पञ्चशील प्रदान गर्नु भएको थियो भने जापानका प्रख्यात होङगांजि बुद्ध विहार प्रमुख हरदा भन्तेले प्रवचन दिनु भएको थियो । बौद्ध प्रतिनिधि मण्डलको नेतृत्व गरी नेपालबाट पाल्नु भएका,

काठमाडौं गण महाविहार प्रमुख सोभित भन्तेले प्रवचन गर्नु हुँदै आफुले आफैलाइ सम्हाल्न सकेमा आफ्नो र अर्काको सुख र शान्ति दिलाउन सक्ने बुद्धको उपदेशहरु मध्ये पञ्चशील पालना गरे बापत हुने सुख र शान्तिलाइ प्रकाश पार्नु भयो। विश्व शान्ति प्रार्थना



कार्यक्रममा अतिथिको आसन बाट शुभकामना दिनु हुँदै कार्यवाहक राजदूत पारस घिमिरेले २५ सय वर्ष अगाडीको भगवान बुद्धको दया, करुणा र शान्तिका सदउपदेशहरु २१औं शताब्दीको आजको यस परिवर्तनशिल समाजलाइ्पनि मार्ग दर्शक बनेको बिचार राख्नु भयो । उहाँले युग परिवर्तन भएपनि बुद्धको उपदेशहरु सदा व्यवहारिक हुने कुरा अवगत गराउनु भयो। त्यसै कारण संयुक्त राज्य संघ जस्ता विश्व भातृत्व संघले सन् २००२ साल देखी न्यूयोर्क, जेनेभा जस्ता शहर स्थित आफ्ना कार्यालयहरुमा बिदा दिने गरिएको उल्लेख गर्दै नेपालमा पनि शान्तिका प्रतिक बुद्धको जन्मदिनमा सार्वजनिक बिदा हुने गरेको जानकारि दिनु भयो।

कार्यक्रमका अर्को अतिथि, अध्यक्ष चूइचि इतोले

विश्वको शान्ति प्रार्थना गर्नु हुँदै  बुद्धप्रति जपानीहरुको सदभावले जपान नेपालको कुटनीतिक सम्बन्धमा ठूलो योगदान पुर्याएको बताउनु भयो । शान्ति बिना कुनै प्रगति नहुने र शान्तिको मार्ग नै आजको विश्वको आवश्यकता हो भन्नु भयो।

कार्यक्रममा नेवाः अन्तर्राष्ट्रीय फोरम जापानका सल्लाहकार डा.रामध्वज श्रेष्ठले त्यहाँ शान्ति प्रेमि नेपाली र जपानी महानुभावहरुको ठूलो सहभागीताले नेवाः अन्तर्राष्ट्रीय फोरम जापानका साथिहरुलाइ उत्साहित बनाएको छ भन्नुभयो । साथै फोरमका अर्को सल्लाहकार प्राध्यापक केशव महर्जनले हिरोशिमा बाट शान्तिको शुभकामना सन्देश पठाउनु भएको थियो ।  नेवाः अन्तर्राष्ट्रीय फोरम जापानका शुभचिन्तक मित्रहरुको तर्फबाट बोल्नुहुँदै भोजन इन्टर्नेशनल प्रा.लि.का अध्यक्ष भबन भट्टले विश्व शान्तिको महत्वको बारे भनाइ राख्नु भएको थियो । प्रार्थणा कार्यक्रमको अन्तमा भन्ते गुरुहरुबाट उपस्थित सबै महानुभावहरुको, सुख, सम्वृद्धि र विश्वको सबैको शान्ति कामना गरी सूत्र पाठ भएको थियो।



करिव २०० जना भन्दा बढी नेपाली र जपानी महानुभावहरुको भेला भएको वैसाख महोत्सवको दोश्रो चरणमा, नेपाली र थाइ बुफे लन्चको प्रबन्ध गरिएको थियो । त्यस्तै  प्रख्यात नेपाली र जापानी कलाकारहरुबाट सांस्कृतिक कार्यक्रम प्रस्तुत गरीएको थियो । नेपाल बाट आउनु भएका विशेष टोलीका सदस्य रमना श्रेष्ठले बौद्ध भजन, बबिन वज्राचार्यले गितार र बहुभाषिक गीत, चैत्य देवी मिनातोले “विश्वया शान्तियायत झाम्ह सिरि बुद्ध भगवान” को धूनमा बौद्ध नाच, ओकामोतो यूको मल्लले मञ्जुश्री नाच, धार्मिक बाँसुरी वादक कोतोले बाँसुरी प्रस्तुत गर्नु भएको थियो । त्यस्तै  क्रिष्टल बःल हीलः तोरुले क्रिष्टल बःल बाट संगीत प्रस्तुत गरी उपस्थित सबैलाई आनन्द तुल्याउनु भएको थियो।





नेवाः अन्तर्राष्ट्रीय फोरम जापानका महासचिव सुवर्ण वज्राचार्यले नेपाली भाषामा र निप्पोन थेरवाद बौद्ध संघका डाइरेक्टर युकारि नओइले जपानी भाषामा संयुक्त संचालन गरीएको वैसाख महोत्सव कार्यक्रममा स्वागत फोरमका अध्यक्ष कतो ज्ञाणु मानन्धर र निप्पोन थेरवाद बौद्ध संघका डाइरेक्टर वातानबेले गर्नु भएको थियो । त्यस्तै  वैशाख महोत्सव आयोजक समितिका अध्यक्ष माधव मानन्धरले उपस्थित सबैलाइ धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

फोटो – भुपि श्रेष्ठ र दिनेश मानन्धर

मैत्रीपूर्ण इनापः- छिसँ थ्व रिपोर्टयात नेपाल भासे हिलादियफु। इच्छादुसा नेपाल भासे हिला जिमित छोया है दिसँ।

- nifj@hotmail.co.jp (नेवाः अन्तर्राष्ट्रीय फोरम जापान)